REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST : 18:40 hrs Date: 30.06.2025

## ***संसदीय स्थायी समिति- राज्यपाल***

परिवहन, पर्यटन एवम संस्कृति संबधित संसदीय स्थायी समितिले आज सिक्किमका राज्यपाल ओम प्रकाण माथुरसित राजभवनमा शिष्टाचार भेट गरयो। यस समितिको नेतृत्व राज्यसभा सांसद एवम समितिका अध्यक्ष संजय कुमार झाले गरे। यस अवसरमा सिक्किमबाट लोकसभाका सांसद डां इन्द्र हाँङ सुब्बा पनि उपस्थित हुनुहुन्थ्यो। प्रतिनिधिमंडलको साथा राष्ट्रीय राज्यमार्गहरूको विकास, तथा हालैमा मल्ली- सिंगतामका लागि प्रस्तावित राष्ट्रीय राजमार्ग- 210 को उपलब्धिमा विस्तासित चर्चा गरियो।

यस बाहेक, सिक्किममा पर्यटन अवसरचनाको सुदृढिकरणमा पनि कुराकानी भयो। सिक्किमको स्थानीय एवम पारम्परिक कला, संस्कृति र विरासतको संरक्षण एवम- संवर्धनको दिशामा भई रहेका प्रयासहरूबारे समेत विचार- विमर्श गरियो।

## ***इन्द्र हाँग- आवेदन***

सांसद इन्द्र हाँग सुब्बाले परिवहन पर्यटन एवम संस्कृति संबधित संसदीय एथायी समितिका अध्यक्ष संजय कुमार झालाई भेटी दुईटा महत्वपूर्ण क्षेत्रहरूमा अविलम्ब हस्तक्षेपको माग राख्दै एउटा विस्तृत अभ्यावेदन पेश गर्नुभयो। ती दुई क्षेत्रहरू हुन- उत्तर सिक्किममा पूर्वाधारको पुनर्बहाली तथा पाकिम हवाई अड्डामा उड़ान- संचुलनै पुन: थालनी।

श्री सुब्बाले उत्तर सिक्किममा फेरि- फेरि भएका प्राकृतिक आपादाहरूले गर्दा जनता र पर्यटन सरोकारवालाहरू द्वारा सामना गर्न परि रहेका संकटबारे श्री झालाई जानकारी दिनुभयो। उहाँले पर्यटन केन्द्रहरूलाई जोड़ने सबै क्षतिगृस्त सड़क- मार्ग अनि पुलहरूले पुर्नबहाली गरिने आनुरोध गर्नुभयो।

जलवायुको प्रभावरहित पूर्वाधारको विकास र होमस्टे तर आपरेटर अनि ट्रान्सपोरटरहरू लगायत- पर्यटन संबधित सरोकारवालाहरूका लागि विशेष राहत पैकेजहरू ल्याइने अनुरोध पनि श्री सुब्बाले गर्नुभयो।

## ***राज्यपाल- भारत एकाउंट्स एंड गाईड्स***

राजभवनमा आज भारत स्काउट ऐन्ड गाइड्स, सिक्किम राज्य पुरस्कार समारोहको भव्य आयोजनाभयो। यस समारोहमा मुख्य अतिथिको रूपमा शामेल हुनुभयो। सो अवसरमा, राज्य भरिबाट चयनित 20 गाइडहरूअनि 4 एकाउंटहरूलाई उनीहरूका अनुकरणीय सेवा- कार्य अनि समर्पणका लागि राज्य पुरस्कारलेद्वारा सम्मानित गरियो। आफ्नो सम्बोधनमा, श्री माथुरले पुरस्कार प्राप्त गर्नेहरूलाई बधाई दिँदै युवा स्काउट र गाइड्स आफ्नो विद्यालय र परिवारको गौरव मात्र न भई सिक्किम राज्य र संपूर्ण राष्ट्र कै लागि प्रेरणा स्रोत हो, भन्नुभयो।

राज्यपाल माथुरले यस अवसरमा श्री मुकुन्द ढुँगेललाई पनि सम्मानित गर्नुभयो जसले यो वर्ष मध्यप्रदेशमा पंचपढ़ी स्थित राष्ट्रीय प्रशिक्षण केन्द्रमा आयोजित लिडर्स ट्रेनर्स कोर्सलाई सफलतापूर्वक पूरा गरि ओनोरेबल चार्ज प्रमाणमत्र प्राप्त गरेका थिए।

---

***बैड्मिन्टन- नाम्ची***

नाम्चीमा स्थित इन्डोर स्टेडियम मा पहिलो राज्य स्तरीय स्वास्थ्य कर्मी बैड्मिन्टन चैम्पियनशीप आज शुरूभयो। राष्ट्रीय डाक्टर दिवसको यो वर्षको विषयवस्तु हो 'Behind the mask who heals the healers' निदेशक तथा मुख्य चिकित्सा अधिकारी एस एन अधिकारीको उद्घाटन दिवसमा उपस्थिति रहेको थियो। अध्यक्ष आयोजन समितिका प्रमुख सल्लाहकार डां डि देवकोटा पनि प्रमुख अतिथिको तवरमा शामेल हुनुभयो। उहाँले सबै जिल्लीका सहभागीहरूलाई शुभकामना दिँदै दुई दिने टुर्नामेन्टको आनंद लिनु भन्नुभयो। टुर्नामेन्ट 1) डाक्टर वर्ग र 2) खुल्ला वर्गमा आयोजन भई रहेकोछ।

---

***संसदीय स्थायी समिति- NHIDCL***

परिवहन, पर्यटन र संस्कृति संबधी संसदीय स्थायी समितिले राष्ट्रीय राजमार्ग तथा पूर्वाधार विकास निगम लिमिटेड। सड़क परिवहन तथा राजमार्ग मन्त्रालय, सिक्किम सरकारको सीमा सड़क संगठन तथा सड़क र पुल विभागसित आज एउटा बैठक गरयो।

NHIDCL, गान्तोकका सूचना प्रोद्योगिकी इंजीनियर पंकज शाहले NHIDCL बारे एक प्रस्तुति दिए। सहभागीहरूले आपस्तमा अंतरक्रिया गर्दै छलफल, भएका विषयहरूबारे, महत्वपूर्ण जानकारीहरू साझा गरे।

---

***सिक्किम विधानसभा दोस्रो सत्र संपन्न***

एघारौं सिक्किम विधानसभाको दोस्रो अधिवेशन चौथो भाग आज बिहान, गान्तोकमा बस्यो। सो बेला, शिक्षा विभागका मन्त्री प्रभारी राजू बस्नेतले सदनमा Scholars University of Skills and Innovation, सिक्किम विधेयक 2025- प्रस्तुत गर्नुभयो। विश्व स्तरीय पूर्वाधार तथा अन्तर्राष्ट्रीय नेटवर्क मार्फत, सिक्किममा कौशल युक्त अनि उद्यमिता गराउनुयसको उद्देश्य हो। सदनको आगामी अधिवेशनमा यस विधेयकबारे छलफल भोर्रिड हुनेछ।

---